# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ६, श्रावण २३ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।४।२२

**प्रस्तावना :** व्यास नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक प्रसुति हुँदाका बखत प्रसुति हुनु अघि वा पछि दिइने ९८ दिनको बिदामा २ दिन थप गरी सुनौला १०० दिन प्रसुति बिदा कायम गरी प्रसुति हुने महिला शिक्षकको सट्टामा पठन पाठनलाई निरन्तरता दिनका लागि सट्टा शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “व्यास नगरपालिका प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१” हुनेछ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u> :** बिषय वा प्रङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रसुति बिदा सट्टा शिक्षक" भन्नाले व्यास नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका सबै तहका महिला शिक्षक प्रसुति हुँदा पठन पाठनलाई निरन्तरता दिन निजको सट्टामा १०० दिन अवधिसम्म राखिने शिक्षक सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) "छनौट समिति" भन्नाले प्रसुति शिक्षकको सट्टामा शिक्षण गर्न विद्यालय व्यवस्थापन समितिले गठन गरेको तीन सदस्यीय समिति सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ।

३. **उद्देश्य :**

(क) विद्यालयको पठनपाठनलाई निरन्तरता दिने।

(ख) महिलामैत्री सहयोगात्मक अवस्था सृजना गर्ने।

## परिच्छेद २

## <u>प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन विधि</u>

४. **<u>प्रसुति बिदा स्वीकृत गर्ने सम्बन्धमा</u>** : (१) व्यास नगरपालिका शिक्षा नियमावली, २०७६ को नियम ६२ उपनियम १ (घ) अनुसार प्रसुति बिदा लिन चाहने महिला शिक्षकले प्रसुति हुनु अगावै वा प्रसुति अवस्थामा स्वास्थ्य संस्थाबाट सिफारिस गरिएको पूर्जा वा सम्बन्धित वडाको सिफारिस सहित विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा दुई वटा सन्तानसम्म पाउने महिला शिक्षकका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखाले बिदा स्वीकृत गर्न सक्नेछ।

५. **<u>प्रसुति बिदा सट्टा शिक्षक अनुमति सम्बन्धमा</u> :** (१) बिदा स्वीकृत भएको अभिलेख र विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा शिक्षक व्यवस्थापनको लागि विद्यालयले प्रसुति बिदा सट्टा शिक्षकको अनुमति माग गर्नु पर्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा विद्यालयको छनौट समिति मार्फत आवश्यक प्रक्रिया पुरा गरी प्रसुति बिदा सट्टा शिक्षक छनौट गरी नगरपालिकामा सिफारिस गर्नेछ।

६. **<u>प्रसुति बिदा सट्टा शिक्षक छनौट समिति</u>** : (१) यस कार्यविधि बमोजिम सट्टा शिक्षक छनौटका लागि विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिमको छनौट समिति गठन गर्नेछ :

(क) सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष - संयोजक

(ख) सम्बन्धित विषय विज्ञ - सदस्य

(ग) सम्बन्धित विद्यालयका प्रधान अध्यापक - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

७. **छनौट प्रक्रिया :** (१) विद्यालयले न्यूनतम शैक्षिक योग्यता भएका योग्य नेपाली नागरिकहरुबाट कम्तिमा सात दिनको सूचना दिई दरखास्त माग गर्नका लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) विद्यालयले आवेदकहरुको दरखास्त सङ्कलन गरी छनौट समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उक्त दरखास्तका आधारमा छनौट समितिले छानविन गरी छनौटका आधारमा समितिबाट सट्टा शिक्षक छनौट गर्नेछ ।

८. **छनौटको आधार :** सट्टा शिक्षक छनौट गर्न देहाय बमोजिमको अङ्क भार कायम गरिनेछ :

(क) शिक्षण अनुभव वापत १.५ अङ्क (२ वर्षसम्म भए १ अङ्क र सोभन्दा माथि भए १.५ अङ्क)

(ख) न्यूनतम शैक्षिक योग्यता वापत २ (प्रथम श्रेणी भए २ अङ्क, द्वितीय श्रेणी भए १.५ अङ्क र तृतीय श्रेणी भए १)

(ग) माथिल्लो शैक्षिक योग्यता भए १.५ अङ्क (प्रथम श्रेणी भए १.५ अङ्क, द्वितीय श्रेणी भए १ अङ्क र तृतीय श्रेणी भए ०.५)

(घ) दश अङ्कको अन्तरवार्ता लिइनेछ ।

९. **समय अवधि :** सट्टा शिक्षकको कार्य अवधि १०० दिनको हुनेछ । तर सो अवधिभित्र तीन दिनभन्दा बढी विभिन्न बिदा (हिउँदे, वर्षे तथा दशैं तिहार जस्ता) पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने छ ।

१०. **पारिश्रमिक :** सुनौला १०० दिन प्रसुति बिदा सट्टा शिक्षकमा नियुक्ति हुने शिक्षकका लागि नगरपालिकाको तर्फबाट विद्यालय खातामा मासिक दश हजार रुपैयाँ अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

## परिच्छेद ३
## विविध

१३. **प्रचलित कानुन लागू हुने :** प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा प्रचलित व्यास नगरपालिका शिक्षा नियमावली, २०७६ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ । सालवसाली रुपमा नेपाल सरकार संघीय स्रोतबाट तलब भत्ता तथा सेवा सुविधा प्राप्त गर्ने शिक्षक र नगरपालिकाले नियुक्त गरेको स्वयंसेवक शिक्षकको सट्टामा मात्र यस कार्यविधि लागू हुनेछ । विद्यालयले नियुक्त गरेको निजी शिक्षकको हकमा लागू हुने छैन ।

१४. **कार्यविधि संशोधन :** नगरपालिकाको कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

१५. **खारेजी तथा बचाउ :** यस कार्यविधि नेपाल सरकार, प्रदेश सरकार र व्यास नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन तथा नियमावलीसँग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

**आज्ञाले**

काशी राम गैरे

प्रमुख प्रशासकीय अधिकृत